# गुलरिया नगरपालिका बर्दियाको १६औं नगरसभामा
# नगरप्रमुख श्री मुक्तिनाथ यादवले
# प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३।०८४ को
# नीति तथा कार्यक्रम

गुलरिया नगरपालिका
बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

२०८३ असार १० बुधबार

# गुलरिया नगरपालिका, बर्दिया १६औं नगरसभा
# नीति तथा कार्यक्रम २०८३।०८४

यस गरिमामय सोहौं नगर सभामा उपस्थित गुलरिया नगरपालिकाका उप-प्रमुखज्यू, प्रमुख प्रशासकिय अधिकृतज्यू, यस गरिमामय सभामा उपस्थित सम्पूर्ण नगर सभा सदस्यज्यूहरु, गुलरिया नगरपालिकाका बिषयगत शाखाका प्रमुखज्युहरु, नगरपालिका सल्लाहकारज्यूहरु, वडा सचिब लगायत उपस्थित कर्मचारी साथीहरु एवम् यस सभामा उपस्थित अन्य सम्पूर्ण महानुभाबज्यूहरु !

हामी सबैलाई अबगत नै छ, स्थानीय सरकार नागरिकको सबै भन्दा नजिकको सरकार हो।स्थानीय तहको शासन प्रणाली लोकतान्त्रिक व्यबस्थाको मेरुदण्ड हो जसले नागरिकको प्रत्यक्ष सहभागितामा नीति निर्माण, कार्वान्वयन र मुल्यांकनलाई प्रभावकारी बनाउने आधार तयार गर्दछ।

नेपालको संविधानले ब्यबस्था गरेबमोजिम गुलरिया नगरपालिका सुशासन, नागरिक केन्द्रित सेवा प्रवाह, समाबेशिता, स्थानीय अर्थतन्त्रको सुदृढीकरण, पारदर्शिता, जवाफदेहिता, प्राकृतिक श्रोतको संरक्षण तथा न्यायपूर्ण उपयोग, बिधि निर्माण, भौतिक निर्माण, फोहरमैला ब्यबस्थापन, शिक्षा/स्वास्थ्य/कृषी बिकास, विपद्ब्यबस्थापन जस्ता बिबिध क्षेत्रमा क्रियाशील हुदै संघियता र लोकतन्त्रलाई सस्थागत गर्ने मार्गमा क्रियाशील छ।बिगत बर्षका समीक्षात्मक विश्लेषण एवम् सूचक हरुले प्रष्ट पार्दछन कि हामीले उपलब्ध श्रोत र साधनको सिमितताबीच पनि भौतिक पूर्वाधार बिकास, सेवा प्रबाह, मानब बिकास सूचकांकमा सुधार,सस्थागत सुशासन प्रबर्धनका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेका छौ। यद्यपी दिगो बिकासका क्षेत्रमा हामीले अझ धेरै कार्य गर्नुपर्ने छ।

स्थानीय सरकार नागरिकले देख्न सक्ने, छुन सक्ने, अनुभब गर्न सक्ने, सजिलै भेट्न सक्ने र आफ्ना प्रतिनिधि संग सजिलै अन्तरक्रिया गर्न सक्ने सरकार भएका कारण पनि हामी संग नगरबासीका चाहना, विश्वास र भरोसा धेरै रहेका छन् । यहि विश्वास र भरोसाका कारण स्थानीय बिकासमा नागरिकको सार्थक र जीवन्त सहभागिता जुटाउन सकिएको छ।सोही बमोजिम हामी गुलरिया नगरपालिका पनि लोकतन्त्रका लाभलाई नगरबासीसामु वितरण गर्दै राज्यको उपस्थितिलाई जनताको घर दैलोमा पुर्याउन सदैब प्रतिबद्द छौं । अबका दिनहरुमा सामाजिक न्यायको सुनिश्चितता, रोजगारी सिर्जना, जलबायु संकटको सामना, सूचना प्रबिधीमा आधारित सेवा प्रबाह जस्ता क्षेत्रमा हाम्रा क्रियाकलाबहरू केन्द्रित हुनेछन ।

गुलरिया नगरपालिकाको दिर्घकालिन सोच **"बिकास, सम्वृद्धि र संरक्षण; हाम्रो प्रतिबद्दता, हाम्रो अभियान"** लाई साकार तुल्याउने उद्देश्यका साथ हामी अगाडी बढिरहेकाछौ । यसै पृष्ठभूमिमा

आज हामी आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम तय गर्नकालागी सोहौं नगरसभाको बैठकमा उपस्थित भएका छौ ।
यस बिशेष अबसरमा गुलरिया नगरपालिकाको नगर प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा मलाई अत्यन्तै खुशी लागेको छ। आजको यस बिशेष अबसरमा म सर्वप्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, मुलुकको सर्वाङ्गीण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनितक सङ्घर्ष एवम् आन्दोलनमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नुहुने ज्ञात/अज्ञात सम्पूर्ण सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । देशमा राजनितिक परिवर्तनका लागि नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेतागणसहित सम्पूर्ण नगरबासीमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

सामाजिक न्याय, समाबेशिकरण, लैंगिक मुलप्रबाहिकरण, सामाजिक सशक्तिकरण सहितको सम्वृद्धि ल्याउन गुलरिया नगरपालिका बिगत देखिने प्रतिबद्द छ । अबका दिनहरुमा गुलरिया नगरपालिकाको चौतर्फी बिकासमा एकीकृत भई अघाडि बढ्ने हाम्रो अभियान जारी रहनेछ ।

गुलरिया नगरपालिकाको आर्थिक बर्ष २०८३।०८४ को लागि नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संबिधान २०७२, संघिय सरकारको दिर्घकालिन लक्ष, दिगो विकासका लक्षहरुको स्थानीयकरण, संघिय सरकार एवम् लुम्बिनी सरकारको आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम र बजेट, नगरपालिकाका बिभिन्न योजनाहरु एवम् आम नगरबासीको माग, आबश्यकता र चाहनालाई मुख्य आधार बनाइएको छ । संघ प्रदेश सरकारबाट प्राप्त भएको बजेट सिलिंगको अबस्था, आगामी आर्थिक बर्षमा दायित्व सरेका योजना तथा कार्यक्रमहरुले सृजना गर्ने आर्थिक दायित्व, सिलिंग बमोजिम बजेट प्राप्त नहुनु, आन्तरिक आम्दानीको कमजोर अबस्था जस्ता कारण बजेटमा आउनजाने संकुचनले गर्दा खुल्ला हृदयले बजेट निर्माण गर्न सक्ने अबस्था नभएपनि उपलब्ध श्रोतको समुचित वितरणलाई यथासंभब न्यायोचित बनाउने कोसिस गर्दै नीति तथा कार्यक्रम तर्जुमा गरेको छु ।

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा महत्वपुर्ण एवम् रचनात्मक र सिर्जनात्मक सल्लाह, सुझाब दिनुहुने स्थानीय राजनीतिक दल, आदरणीय नगरबासी, सरकारी एवम् गैर सरकारी सस्थाहरु, नागरिक समाज, बुद्दिजिबी एवम् सम्पूर्ण मतदाताहरुमा हार्दिक आभार प्रकट गर्दछु । प्राप्त सुझाबहरुलाई मार्ग दर्शनको रुपमा लिई गुलरिया नगरपालिकाको सम्पत्तिको रुपमा अभिलेखीकरण गर्ने कुरामा म बिश्वास दिलाउन चाहन्छु। यहाहरुबाट प्राप्त सुझाबहरुको आधारमा दिगो भौतिक पूर्वाधार बिकास, आर्थिक, सामाजिक, सास्कृतिक उन्नति र सस्थागत बिकासलाई मुख्य प्राथमिकता दिई नगरपालिकाले आगामी आर्थिक बर्षमा लिने क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

नगरसभा सदस्य ज्युहरु!

अब म गुलरिया नगरपालिकाको आ.ब. २०८३।०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**नीति तथा कार्यक्रमका उद्देश्यहरु**

- अन्तरसम्बन्ध निर्माण गर्न सहयोग पुर्याउने योजनाहरु कार्यान्वयन गरि रोजगारी सिर्जना गर्ने, आय वृद्धि गर्न सघाउ पुर्याउने र उत्पादनमुखी आयोजनाहरुलाई प्राथमिकता दिदै गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुर्याउनु आगामी आर्थिक बर्षको नीति तथा तथा कार्यक्रमको प्रमुख उद्देश्य रहनेछ ।
- सार्बजनिक सेवा प्रवाहलाई छिटो,छरितो,सरल र प्रबिधी मैत्री बनाउन डिजिटल सेवा बिस्तार,ई-गभर्नेन्स र अनलाइन प्रणालीको बिकास एवम् बिस्तार गरिनेछ ।
- आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई र रोजगारीका अवसरहरु सबै घरधुरी सम्म पुग्ने गरी सेवा बिस्तार गरिनेछ ।
- माध्यमिक तहसम्मको शिक्षालाई बालमैत्री, सिकाइमैत्री, प्रविधिमैत्री र गुणस्तरीय बनाउन विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला,खानेपानी,शौचालय जस्ता पूर्वाधार विकासमा लागानी गरिनेछ ।+२ सम्म पूर्ण निःशुल्क गरिएकोमा आगामी वर्ष पनि यसलाई निरन्तरता दिइने छ।आगामी आर्थिक वर्षमा सबै मा.बी. हरुलाई तीनतारे घोषणा गरिने छ ।
- कृषीको यान्त्रीकरणमा जोड दिइने छ । भू-सिचाईको कार्यक्रमलाई प्राथमिकता दिइने छ।समयमा मल तथा बिउ उपलब्ध गराइने छ । नगदे बाली उत्पादनमा कृषकहरुलाई प्रेरित गरिने छ । उत्पाकत्व बृद्दिका कार्यक्रमहरुलाई प्राथमिकता दिदै पशु पालन तथा बिकासका कार्यक्रमहरुलाई समानान्तर रुपमा अगाडी बढाइने छ। अन्न, तरकारी, दुध, दालमा नगरपालिकालाई आत्मनिर्भर बनाइनेछ । नहरको बिस्तार सबै वडासम्म पुर्याउन संघिय सरकार संग समन्वय गरिनेछ ।
- नगरपालिकामा रहेका स्वास्थ्य चौकी तथा प्रत्येक वडामा स्थापित सामुदायिक स्वास्थ्य केन्द्रहरुको स्तरोन्नति गरिने छ र गुणस्तरीय सेवा उपलब्ध गराइने छ।आगामी आर्थिक वर्ष भित्र सबै स्वास्थ्य केन्द्रहरुलाई किशोर/किशोरी मैत्री स्वास्थ्य सस्था घोषणा गरिनेछ।
- "सुरक्षित आप्रवासन" कार्यक्रमलाई वडा तहसम्म पुर्याई बैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो र मर्यादित बनाइनेछ ।
- प्लास्टिक रहित सफा, स्वच्छ, हरित तथा उज्यालो गुलरिया निर्माण गर्नु हाम्रो उद्देश्य रहनेछ ।
- गुलरिया नगरपालिकाको आवधिक योजना, आन्तरिक आयवृद्धिकालागि राजस्व सम्भाव्यता अध्ययन, डिजिटल प्रोफाइल अधाबधिक, आर्थिक बिकास योजना, तातो हावा (लु)

कार्ययोजना, प्रकोप प्रतिकार्य योजना तयारी/अधाबधिक गरि सो बमोजिम कार्यक्रमहरु संचालन गरिनेछ ।

- गुलरिया नगर क्षेत्रमा औधोगिक ग्राम निर्माण कार्यलाई निरन्तरता दिइने छ र आगामी आर्थिक बर्षमा उक्त औधोगिक ग्राम संचालनमा ल्याइनेछ ।
- गुलरिया-४ मा अबस्थित कबर्डहल क्षेत्रमा बहुउद्देश्यीय कबर्डहल सहित रंगशाला निर्माण कार्य शुरु गरिएकोमासो कार्यलाई निरन्तरता दिई बाकि कार्य सम्पन्न गर्न संघ तथा प्रदेश सरकारसंग समन्वय गरिनेछ ।
- कृष्णसारसंरक्षण क्षेत्रभित्ररहेको बस्ति ब्यबस्थापन तथा पर्यटनप्रवर्धन कार्यक्रमलाई प्रारथमिकता दिइनेछ।कृष्णसार क्षेत्रको बफरजोन निर्धारण अबैज्ञानिक रहेका कारण स्थानीय कृषक तथा बासिन्दाहरुलाई समस्या पर्न गएको हुदा यसको ब्यबस्थापनका लागि नगरपालिकाको तर्फबाट आबस्यक पहल गरिनेछ।
- सामाजिक सचेतना निर्माण, गरिबी न्यूनीकरण, प्रकोप ब्यबस्थापन, बाल श्रम निवारण, बालबिबाहमुक्त नगरपालिका घोषणा, मानब बेचबिखन बिरुद्दको अभियान संचालन, बालमैत्री स्थानीय सासन, बाताबरणमैत्री नगरपालिका, पूर्ण खोप सुनिश्चितता, सत प्रतिशत विद्यालय भर्ना आदिका लागि कार्यक्रम तथा अभियानहरु संचालन गरिनेछन् ।
- सामाजिक समाबेसिकरणर लैंगिक मुलप्रबाहिकरणको अबधारणालाइ नगरपालिकाका प्रत्येक एकाइ र कार्यक्रमहरुमा सस्थागत गर्दै लगिनेछ ।
- आन्तरिक आयको अबस्थालाई मजबुत एवम् दिगो बनाउन आन्तरिक कर क्षेत्रको दायरा बढाइने छ यसको लागि उधोग बाणिज्य संघ लगायत अन्य सरोकारवालाहरुसँग सहकार्य/समन्वय गरिनेछ । कर योगय नया क्षेत्रहरुको खोजी गरेने छ ।
- स्थानीय तहमा संचालित संचार गृहको दिगो संचालन एवम् संचार कर्मीहरुको क्षमता बिकासका क्षेत्रमा कार्यक्रमहरु संचालन गरिनेछ ।
- सामाजिक सुरक्षाको नीतिलाई थप भरपर्दो र विस्वासिलो बनाइनेछ । "जसको केहि र कोहि छैन,तेसकोलागि सरकार छ" भन्ने तथ्य कार्यान्वयनमा ल्याइनेछ ।
- दलित, पिछडा वर्ग, मुक्त कमैया, जनजाति, अपाङ्गता भएका, महिला, फरक लिंग भएका,युवा तथा किशोरी जस्ता समुहलाई नगरपालिकाका सबैजसो कार्यक्रममा प्राथमिकता दिइने छ।कार्यक्रम छनोट देखि प्रतिफल वितरण सम्मका सबै तहमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।
- भ्रष्टाचारप्रति सुन्य सहनसिलता नीति अबलम्बन गर्दै पारदर्शी, प्रबिधिमैत्री, उत्तरदायी, र नागरिकमुखी शासन प्रणालीको बिकास गरिनेछ ।सार्बजनिक सेवाप्रवाहलाई सरल, छिटो र प्रभाबकारी बनाउदै नागरिक गुनासो ब्यबस्थापन, सार्बजनिक सुनुवाई, सामाजिक परिक्षण तथा डिजिटल सुशासनका माध्यमबाट सेवा प्रभाबकारी बनाइनेछ ।

- प्रतिफल वा उत्पादन नदिनेखालाका वितरणमुखी कार्यक्रमहरुलाई निरुत्साहित गर्ने नीति अबलम्बन गरिनेछ ।

राज्यका बर्तमान नीति, निर्णय, प्राप्त अनुभव तथा आदरणीय नगरवासीहरुका चाहना र प्राप्त श्रोतका आधारमा उल्लेखित उद्देश्यहरु प्राप्त गर्नकालागि निम्नअनुसारका नीतिहरु अवलम्बन गरिनेछ ।

<u>नीतिहरु</u>

## भौतिक पूर्वाधार

१. गुलरिया नगरपालिकाको ग्रामिण तथा सहरी क्षेत्रबीच अन्तरसम्बन्ध कायम गर्ने साथै रोजगारी सिर्जना गर्ने खालका आयोजनाहरु उच्च प्राथमिकतामा पर्नेछन।

२. ग्रामिण क्षेत्रलाई मुख्य सहरी क्षेत्रसंग जोड्नेगरी सडक कालोपत्रे आयोजनालाई निरन्तरता दिइनेछ ।

३. गुलरिया पशुबधशाला देखि बसपार्क सम्मको गुलरिया बाईपास सडक कालोपत्रे बहुबर्षीय आयोजना कार्य आगामी आर्थिक बर्षदेखिमा शुरु गरिनेछ ।

४. निर्माण कार्य शुरु गरिएका र सम्पन्न हुन नसकेका योजनाहरु सम्पन्न गर्नु पहिलो प्राथमिकता रहनेछ

५. योजना कार्यन्वयनमा दोहोरोपन हुन दिईने छैन ।

६. विशिष्ट प्रकारको प्रविधिको आवश्यकतापर्ने खालका योजनाहरु उपभोक्ता समितिहरु मार्फत गरिनेछैन।

७. आयोजना छनोट, संचालन, नियमित मर्मतसंहारका लागि उपभोक्ताहरुलाई जिम्मेवार बनाउदै लगिने छ साथै उपभोक्ता मार्फत निर्माण गरिएका योजनाहरु उपभोक्ताहरुलाई हस्तान्तरण गरिनेछ ।

८. प्रतेक वडा कार्यालयहरु पक्की सडक संजाल संग जोडीइ सकेकोमा वडा कार्यालय आसपासका क्षेत्रलाई क्रमस पक्की सडक संजालसंग जोड्ने गरी कार्यक्रम संचालन गरिने छ र प्रतेक वडा प्रबिधीमैत्री बनाइनेछ ।

९. नगरपालिकाले निर्माण गर्ने सबै प्रकृतिका भवनहरु अपांगमैत्री बनाइनेछ ।

१०. हुलाकी सडक आसपासमा बन्ने भवन एवं संरचनाहरुको निर्माण तथा स्वीकृत दिंदा हुलाकी सडकको मापदण्डलाई पूर्णतया कार्यान्वयनमा ल्याइनेछ ।

११. नगर क्षेत्रमा निर्माणाधीन खाने पानी ट्यांकी निर्माण योजनाहरुकोहरुको पूर्णताकोलागि संघ तथा प्रदेश सरकार संग समन्वय गरिनेछ ।

१२. खेलकुद बिकासका लागि आबस्यक पर्ने भौतिक पूर्वाधार निर्माणका लागि गुलरिया ४ मा अबस्थित खेल मैदानमा आबस्यक पूर्वाधार निर्माण गर्न संघ तथा प्रदेश सरकारसंग

समन्वय गरिने छ साथै जयदुर्गा भवानी क्लब खेल मैदान, नवज्योति युवाक्लब खेल मैदान, वडा न १ अबस्थित खेलमैदान लगायत नगरपालिका क्षेत्र भित्र अबस्थित सबै खेल मैदानहरुको संरक्षणगर्दै क्रमश ती मैदानमा प्राथमिक खेलखुद सम्बन्धी पूर्वाधारहरु निर्माण गर्दै लगिनेछ ।

१३. सर्यु नदी,तुलसीपुर ताल, कृष्णसार/भागहर ताल लगायतका क्षेत्रमा भएगरेको अतिक्रमण हटाइ आबस्यक पूर्वाधारहरुको निर्माण गरि ती क्षेत्रलाई सिमसार क्षेत्र अन्तर्गत राखिने छ र आयमुलक आयोजनाको रुपमा लगानी बढाइनेछ ।

१४. गाउ तथा नगर जोड्ने, छिमेकी स्थानीय तह जोड्ने, कृषी उपजहरुको बजारीकरणमा योगदान पुर्याउने र बृहत रोजगारीका अवसर सिर्जना गर्ने गर्ने खालका ठुला सडक निर्माण आयोजनाहरु आगामी बर्षमा निर्माण शुरु गरिनेछन् ।

१५. गुलरिया नगरपालिकामा निर्माण शुरु गरिएको औधोगिक ग्रामक्षेत्रमा आबस्यक भौतिक पूर्वाधार निर्माण प्रक्रियालाई आगामी बर्षमा निरन्तरता दिइने छ साथै आगामी आर्थिक भित्र उक्त औधोघिक ग्राम संचालनमा ल्याइनेछ ।

१६. गुलरिया नगरपालिकाको दिशाजन्य लेदो पदार्थ प्रशोधन केन्द्रको स्तरोन्नतिका लागि थप भौतिक पूर्वाधार निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।

१७. आगामी आर्थिक वर्षमा गुलरिया नगरपालिकाका निर्माण सम्पन्न बाकी वडा कार्यालयहरु निर्माण सम्पन्न गरी सम्पूर्ण सेवाहरु आफ्नै सुविधा सम्पन्न वडा कार्यालय भवनबाट प्रदान गरिने गरि कार्यक्रम संचालन गरिनेछ ।

## शिक्षा, यूबा तथा खेलकूद

१. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको हाजिरीलाई डिजिटल माध्यमबाट व्यवस्थित गरिनेछ ।

२. विद्यलय भवन, उपकरण तथा अन्य भौतिक सम्पत्तिको नियमित तथा आकस्मिक मर्मत सम्भार गरी सम्पत्तिको संरक्षण, दिगोपन र प्रभावकारी उपयोगको लागि सबै विद्यालयमा मर्मत सम्भार कोष स्थापना गरिनेछ ।

३. उत्कृष्ट शिक्षक, कर्मचारी तथा विद्यार्थीलाई सम्मान तथा प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ ।

४. विषयगत तथा तहगत शिक्षक भेला, अन्तरक्रिया तथा सिकाई आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ।

५. विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी सिकाइ निरन्तरता तथा उपचारात्मक शिक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।

६. विद्यालयमा नियमित अनुगमन, सुपरिवेक्षण तथा शैक्षिक सहजीकरण लाई प्रभावकारी बनाइनेछ ।
७. शिक्षक तथा कर्मचारीको पेशागत विकास, क्षमता अभिवृद्धि तथा नेतृत्व विकासका कार्यक्रम एबम् तालिम सञ्चालन गरिनेछ ।
८. सिकाइ उपलब्धि अभिबृद्धिका लागि नगरस्तरीय तथा वडास्तरीय परीक्षालाई व्यवस्थित एबम् मर्यादित रुपमा सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
९. अभिभावक सचेतना तथा जागरुकता कार्यक्रम सञ्चालन गरी विद्यालय र समुदायबीचको सहकार्यलाई सुदृढ गरिनेछ ।
१०. सामुदायिक विद्यालयमा रिक्त हुने शिक्षक, विद्यालय कर्मचारी, बाल विकास सहजकर्ता, तथा नगर स्वयंसेवक शिक्षक पदमा पदपुर्तिको लागि स्थापना गरिएको शिक्षक तथा कर्मचारी बैंकलाई आवश्यकताका आधारमा अद्यावधिक गरिनेछ ।
११. विद्यार्थीको सिकाइ उपलब्धि र नतिजा सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
१२. प्रधानाध्यापकहरूको नेतृत्व विकास तथा विद्यालय व्यवस्थापन सुधारका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
१३. विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यक्रम सञ्चालनगरी कम्तिमा एक वडा एक तीन तारे विद्यालय घोषणा गरिनेछ ।
१४. विद्यालय स्तरीय फुटवल प्रतियोगिता, वडास्तरीय क्रिकेट प्रतियोगिता एबम् विभिन्न नगरस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।
१५. शिक्षाक्षेत्रको योजना, बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्याङ्कनलाई सुदृढ गरिनेछ ।
१६. नगर भित्रका युवाहरुको प्रतिभा पहिचान गरी व्यवस्थापन गर्न प्रतिभा पहिचान कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
१७. वैज्ञानिक सोच र नवप्रवर्तनका लागि विज्ञान, प्रविधि, ईन्जिनियरिङ, कला र गणित (STEAM) शिक्षा कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ ।
१८. पालिका भित्रका सबै बालबालिका विद्यालय भर्ना भएको सुनिश्चित गर्न समता रणनीति कार्यान्वयन योजना (ESIP) २०८२-८३ अनुरुपका कार्यक्रम सञ्चालन गरी अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चिता भएको पालिका घोषणा गरिनेछ ।
१९. अध्ययन प्रतिबेदन र विद्यार्थी संख्या एवम् दुरी समेतलाई मध्यनजर राखी बिद्यालय गाभ्ने प्रक्रिया अगाडि बढाइने छ ।

## कृषि तथा पशुपंक्षी पालन सम्बन्धि

१. गुलरिया नगरपालिकाका कृषकहरुलाई किसान सूचीकरण कार्यक्रमलाइ आगामी बर्षमा निरन्तरता दिइनेछ र किसानहरुलाई वडा स्तरतह बाटै किसान परिचयपत्र प्रमाणीकरण गरि उपलब्ध गराईनेछ।
२. किसानले आवश्यकता महसुस गरेका बखत तत्काल कृषि तथा पशु सेवा प्राबिधिक किसानको घरदैलोमा पुग्ने गरि जनसक्ति परिचालन गरिनेछ ।
३. विभिन्न बालीनालीमा लाग्ने रोग तथाकिरा नियन्त्रणका लागि नियमित बाली संरक्षण सेवा कार्यक्रम संचालन गरिनेछ ।
४. गुलरिया नगरपालिकालाई कृषि उपजमा आत्मनिर्भर बनाउनका लागि बाली बस्तुको विशिष्टिकण गरि कार्यक्रम संचालन गरिनेछ ।
५. कृषकहरुलाई सिजन अनुसारको बिउविजनहरु अनुदानमा उपलब्ध गराई क्षेत्रबिस्तार तथा उत्पादकत्वमा वृद्धि गरिनेछ ।
६. बेरोजगार युवाहरुलाई कृषिकार्य तर्फ आकर्षण गर्न बिशेष प्रकारका स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।
७. रैथाने बाली संरक्षणका लागि कृषि जैविक विविधता संरक्षण तथा बगरखेति कार्यक्रम संचालन गरिनेछ।
८. बैज्ञानिक गोठ ब्यबस्थापन कार्यक्रम अन्तरगत खोर तथा गोठ सुधार कार्यक्रम संचालन गर्न सरोकार वालाहरुसंग समन्वय गरिनेछ ।
९. पशुहरुको कृतिम गर्भाधान मिशन कार्यक्रमलाई निरन्तरता दिइने छ र बाख्रा पालक कृषकहरुलाई समेत सेवा दिने गरि वोयर बाख्राको समेत कृत्रिम गर्भाधान सेवा तथा पी.पी.आर. खोपकार्यक्रम गरिनेछ ।
१०. कृषि बिकासकालागि पकेट क्षेत्रको पहिचानगरि ब्यबसायिक खेती, नगदे खेती एवम् उच्च सम्भावना यूक्त तरकारी तथा फलफूल खेतिलाई प्रोत्साहन गरिनेछ ।
११. पशुपन्छी नियमित उपचारसेवा कार्यक्रम, महामारी/आकस्मिक रोगनियन्त्रण, कुकुरमा रेबिज रोग नियन्त्रण, तथा खोरेटरोग नियन्त्रणका लागी खोप कार्यक्रम संचालन गरिनेछ।
१२. पशुपंक्षीबाट मान्छेमा सर्न सक्ने रोगहरुको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
१३. सिंचित क्षेत्रमा वाली सघनता बढाइ उत्पादनमा वृद्धिगरि नगरलाई खाद्यान्नमा आत्मनिर्भर गराइनेछ।
१४. बजार पूर्वाधार सुधार तथा निर्माण गरी स्थानीय बजारको सञ्जाल तयार गरिनेछ ।
१५. पशुको बाह्यय परजिवि तथा आन्तरिक परजिवि सम्बन्धी निदानका लागि आधारभुत ल्याव संचालनमा ल्याइनेछ ।

१६. सहुलियत कृषि कर्जा परिचालनमा प्रवर्द्धक तथा समन्वयकारी भुमिका निर्वाह गरिनेछ।
१७. गुलरिया नगरपालिकाभित्र सिंचाई सुबिधा उपलब्ध गराउन भुमिगत सिचाई बिस्तारमा जोड दिईनेछ।
१८. पशुपालन ब्यवसायलाइ ब्यवसायिकरण गर्न भैसी प्रबर्धन कार्यक्रम संचालन गरिनेछ ।
१९. कृषि तथापशुपन्छीबिमा बिस्तारमा जोड दिइने छ। आधारभुत ज्ञान तथा सिपका लागि कृषि तथा पशुपालन प्रबिधि स्थलगत तालिम संचालन गरिनेछ ।
२०. कृषि प्रसार सेवा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
२१. नेपाल सरकारकोअनुदानित रासानिक मलखाद विक्रि वितरण गर्ने सहकारी तथा डिपोहरुको अनुगमन तथा निरीक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
२२. साना सिचाई पूर्वाधार निर्माण तथा माटो स्वास्थ्य सुधार कार्याक्रम संचालन गरिनेछ ।

## स्वास्थ्य, खानेपानी तथा सरसफाई

१. सम्पूर्ण गर्भवती तथा सुत्केरी महिलाहरुले प्रोटोकल अनुसार जाँच गरेको सुनिश्चितता गरिनेछ ।
२. सबै गर्भवती महिलाहरुले दक्ष प्रसुतीकर्मी (SBA) बाट स्वास्थ्य संस्थामा सुत्केरी सेवा पाउनेछन ।
३. घरमा हुने सुत्केरी (होम डेलिभरी) दर न्यून तथा क्रमश शुन्यको अवस्थामा हुनेछ ।
४. पाँच वर्ष मुनिका बालबालिकामा हुने कुपोषणको रोकथाम तथा व्यवस्थापन गरिनेछ ।
५. बहुक्षेत्रीय पोषण कार्यक्रम लाइ अझ प्रभावकारी बनाइनेछ ।
६. समुदायमा आधारीत रोग निगरानी कार्यक्रमको सुरुवात गरिनेछ ।
७. क्षयरोगमुक्त नगरपालिका बनाउनकालागि आवश्यक क्रियाकलापहरु संचालन गरिनेछ।
८. नेपाल सरकारले निर्दिष्ट गरेका अति आवश्यकीय औषधिहरु स्वास्थ्य संस्थाबाट सधैभरी निशुल्क प्रदान गरिनेछ ।
९. परिवारनियोजन सेवालाइ प्रभावकारी तथा विस्तार गरिनेछ र अनमेट आवश्यकतालाइ न्यूनीकरण गरिनेछ ।
१०. मातृ तथा नवशिशु मृत्युदरलाई घटाइनेछ ।
११. स्वच्छ खानेपानी तथा पूर्ण सरसफाईका प्रत्याभूति दिइनेछ ।
१२. जेष्ठ नागरिक सेवालाई घरदैलोमा पुर्याइनेछ ।
१३. थारु समुदायमा देखापर्ने सिकलसेल,थालसेमिया जस्ता रोगहरुको पहिचान गर्न स्क्रिनिंग क्याम्प संचालन गरी बंशानुगत रोगहरुको नियन्त्रण तथा व्यवस्थापन गरिनेछ ।
१४. स्वास्थ्य विमा कार्यक्रम प्राथमिकता दिइनेछ ।
१५. निजि स्वास्थ्य संस्थाहरुको अनुगमन तथा नियमन गरिनेछ ।

१६. बर्दिया अस्पतालमा उपलब्ध गराइराखेको प्राविधिक जनशक्ति व्यवस्थान सहयोगलाई निरन्तरता दिइनेछ ।
१७. महिला सामुदायिक स्वयंसेविकाहरुको क्षमता विकासलाई प्राथमिकता दिइनेछ र नगरपालिकाबाट संचालन हुने विभिन्न किसिमका कार्यक्रमहरुमा स्वयंसेविकाहरुको संलग्नतालाइ जोड दिइनेछ ।
१८. घरमा सुत्केरी हुने दर न्यून तथा क्रमशः शुन्यको अवस्थामा हुनेछ र होम डेलिभरी मुक्त वडा घोषणा गर्दै नगरपालिका घोषणा गरिनेछ ।
१९. स्वास्थ्य संस्था बाट दिइने सेवाहरुमा Digital प्रविधिको शुरुवात गरि Digital Health System लाइ बिस्तार गरिनेछ ।
२०. विभिन्न किसिमको नसर्ने रोगहरु जस्तै क्यान्सर, मधुमेह, उच्च रक्तचाप, दम आदि लाई नियन्त्रण गरिनेछ साथै नेपाल सरकारले तोकेको क्यान्सर, मृगौला डाइलाइसीस र स्पाइनल कड इन्जुरीका बिरामीहरुलाई नियमितरुपमा मासिक ५०००।- का दरले रकम प्रदान गरिनेछ ।
२१. परिवार नियोजनको सेवाहरुलाई प्रभावकारी तथा बिस्तार गरिनेछ र अनमेट आवश्यकतालाई न्युनिकरण गरिनेछ ।
२२. संक्रामक रोगहरु जस्तै क्षयरोग, कुष्ठरोग, HIV/AIDS, मलेरिया, डेंगु, कालाजार, Scrub typhus, Dengue, Monkey Pox आदि रोगहरुलाई नियन्त्रण तथा रोकथाम गरिनेछ ।
२३. किसोर-कोशोरी मैत्री स्वास्थ्य सस्था घोषणा/सुनिस्चितता कार्यक्रमलाई निरन्तरता दिईनेछ।
२४. स्वास्थ्य सस्थामा कार्यरत जनशक्तिको क्षमता विकासका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।
२५. स्वास्थ्य सस्थाहरुमा आबस्यक भौतिक पूर्वाधार निर्माणका कार्यक्रमहरु निरन्तर संचालनमा रहनेछ।
२६. परिवार नियोजनका कार्यक्रमहरु प्रभाबकारी बनाउन सेटलाइट क्लिनिक हरु संचालन गरिनेछन् ।
२७. किशोर/किशोरी यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी कार्यक्रमहरु संचालन गरिने छ र यसका लागि गैर सरकारी सस्था संग समन्वय गरिनेछ ।
२८. "म स्वस्थ, मेरो समुदाय स्वस्थ; घर टोलमा स्वास्थ्य प्रबर्धन कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गरिनेछ ।

## पर्यटन, संस्कृति तथा बाताबरण

१. कृष्णसार संरक्षण क्षेत्रको बिकास एवम् प्रचार-प्रसारमा नगरपालिकाको बिशेष ध्यान केन्द्रित हुनेछ । यसको लागि नेपालको सबै भन्दा ठुलो राष्ट्रिय निकुन्ज बर्दिया राष्ट्रिय निकुन्ज

सम्म पुग्ने पर्यटकलाई नेपालगंज, गुलरिया, कृष्णसार संरक्षण क्षेत्र, खाता करिडोर हुदै ठाकुराद्वारा सम्म पुग्ने बाताबरण तयार गर्न पर्यटन ब्यबसायी, होटल ब्यबसायी एवम् अन्य सरोकारवाला संग समन्वय गरिनेछ ।पर्यटकिय क्षेत्र सम्मको सहज पहुचको लागि आवश्यक पुर्बाधारहरु निर्माणको लागि संघ तथा प्रदेश सरकार संग सहकार्य गरिनेछ ।

२. कृष्णसार क्षेत्रको अतिक्रमण हटाउन र सम्बन्धितलाई उचित क्षतिपूर्ति दिलाउन संघिय सरकार संग सहकार्य गरिनेछ ।
३. नगरपालिका भित्र रहेका सामाजिक-सास्कृतिक महत्वका सबै खाले स्थान,संरचना हरुको पहिचान,संरक्षण एवम् बिकास गरिनेछ ।
४. गुलरिया प्रज्ञा प्रतिष्ठान गठन गरि यहाको सामाजिक-सास्कृतिक ऐतिहासिकता , भाषिक अबस्था र साहित्यको संरक्षण तथा बिकासका लागि अध्ययन अनुसन्धान गरिनेछ ।
५. समाजिक-सास्कृतिक महत्व बोकेका "होम स्टे" सन्चालनका लागि निजी क्षेत्र तथा समुदायसंग सहकार्य गरिनेछ ।
६. गुलरिया नगर क्षेत्रभित्र रहेका सम्पूर्ण धार्मिक एवम् सास्कृतिक महत्वका क्षेत्र समेटेर प्रोफाइल तयार गरिने छ र ती क्षेत्रहरुको बिकास र प्रबर्द्धन गरिनेछ ।
७. नगर क्षेत्रभित्र रहेका सबै बन बाटिकाहरुको संरक्षण, सम्बर्द्धन तथा बिकास गर्न बिस्तृत डीपीआर बनाई कार्यक्रम संचालन गरिनेछ ।
८. क्लाइमेट चेन्जका असर र प्रभाब सम्बन्धी जनचेतानात्मक अभियानहरु संचालन गरिनेछ ।कृषि क्षेत्रमा पर्ने प्रभाब न्युनिकारण एवम् परिबर्तित वाताबरणमा समायोजनका लागि किसानहरुलाई बिउ,प्रबिधी एवम् सिप हस्तान्तरण गरिनेछ ।
९. थारु समुदायको इतिहास र सस्कृतिको पहिचान संरक्षण र सम्बर्द्धनका लागि बिशेष प्रकारका कार्यक्रम संचालन गरिनेछ । गुलरिया नगरपालिका ५मा रहेको थारु संग्रालयको स्तरोन्नतिका लागि प्रदेश सरकार संग सहकार्य गरिनेछ ।
१०. गुलरिया नगरपालिकाले स्थानीय सांस्कृतिक विविधता, परम्परागत खाना परिकार र साना व्यवसायीहरुको आर्थिक विकासलाई पर्यटन विकाससँग जोड्दै, स्थानीय खाना तथा स्ट्रिट फेस्टिवल आयोजना गर्न होटल अर्गनाइजेसन बर्दिया संग समन्वय गरिनेछ ।यसले आन्तरिक पर्यटकको संख्यामा वृद्धि, रोजगार सिर्जना र स्थानीय समुदायको आर्थिक सशक्तिकरणमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।
११. पुरानो सर्यु नदी,भगहर ताल, कृष्णसार ताल तथा भग्रैयाताल आदि क्षेत्रलाई सिमसार क्षेत्रको रुपमा बिकास गरिनेछ ।जैविक बिबिधताको संरक्षण गर्दै ती क्षेत्रहरुलाई आन्तरिक पर्यटकीय क्षेत्रको रुपमा बिकसित गरिनेछ ।
१२. जलवायू परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न सरोकारवालाहरुको समन्वयमा कार्यक्रम संचालन गरिनेछ।

१३. सामुदायिक बन उपभोक्ता समितिहरुलाई विभिन्न जनचेतना जगाउने जस्ता कार्यक्रमहरुमा संलग्न गराइनेछ, निजि बन र कबुलियती बन विकासलाई प्रोत्साहन गरिनेछ ।बबई नदिसंग जोडिएका सामुदायिक बनहरुमा नदिकटानलाई रोक्ने खालको वृक्षारोपणका लागि साझेदारी गरिनेछ ।

१४. योजना छनोट तथा सञ्चालनगर्दा वातावरणमैत्री बनाउने नीति प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१५. स्थानीय सस्कृतिको संरक्षण, सम्बर्धन र बिकासको लागि स्थानीय सास्कृतिक सस्थाहरु तथा स्थानीय समुदायसंगको सहकार्यमा बिभिन्न क्रियाकलाबहरु संचालन गरिने छन् ।

## फोहरमैला ब्यबस्थापन

१. एकीकृत फोहरमैला ब्यबस्थापन तथा सरसफाई गुलरिया नगरपालिकाको प्राथमिकताको कार्यक्रमका रुपमा रहनेछ ।

२. "गुलरिया नगर, सफा सहर" कार्यक्रम कार्यान्वय संचालन गरी "जिरो वेस्ट" को अबधारणा कार्यान्वयन गरिनेछ ।

३. एकीकृत फोहर ब्यबस्थापन केन्द्रमा उत्पादित जैविक मलको बजारीकरणको प्रक्रिया आगामी आर्थिक बर्ष देखि गरिनेछ ।

४. जैविक फोहर ब्यबथापन सम्बन्धी घरधुरी स्तरमा तालिमहरु संचालन गरिनेछ ।

५. घरधूरी तहमा फोहर बर्गीकरण तथा कम्पोष्ट मल बनाउने अभियान संचालन गरिने छ यसकालागी वडा कार्यालयहरुलाई जिम्मेवार बनाइनेछ । घर,आगन, चोक,सार्बजनिक स्थल आदिको नियमित सरसफाईकालागि समुदाय परिचालन गरिनेछ।समुदाय सरसफाईका लागि टोल बिकास सस्थाहरुलाई परिचालन गरिनेछ ।

६. "सिटी वाइड सेनिटेसन" अबधारणा अन्तरगत "सेनिटेसन चेन" को अभ्यासलाई कार्यान्वयन गरिनेछ ।

७. दिशा जन्य लेदोपदार्थ प्रशोधन केन्द्र तथा ल्याण्डफिल साइटको स्तरोन्नति गरिनेछ यसकालागि आबस्यक भौतिक पूर्वाधार निर्माणका कार्यहरुलाई निरन्तरता दिइने छ ।सो केन्द्रलाई श्रोत केन्द्र तथा अध्ययन अनुसन्धान केन्द्रको रुपमा बिकास गरिनेछ ।

८. सार्बजनिक स्थल र कार्यालयहरू पूर्णतः प्लास्टिक निशेषित क्षेत्रको रुपमा बिकास गरिने छन्।

९. दैनिक फोहर संकलनको क्षेत्र बिस्तार गरिने छ र बैज्ञानिक फोहर ब्यबस्थापनको नीति अबलम्बन गरिनेछ ।

१०. दैनिक फोहर संकलन गरिने स्थानहरुमा फोहरमैला कर लागु गरिनेछ भने दैनिक रुपमा फोहर संकलन गर्न नसकिने वडामा सो कर नलगाउने नीतिलाई निरन्तरता दिइनेछ ।

११. पूर्ण सरसफाई तथा पोस्ट ओडिएफ कार्यक्रमहरु संचालन गरिनेछ ।यसकालागि नगरस्तरीय/वडास्तरीय खानेपानी सरसफाई तथा स्वछता समन्वय समितिलाई क्रियाशील बनाइनेछ।
१२. संस्थाजन्य फोहर र हानिकारक फोहरहरु (अस्पताल, उद्दोग) को ब्यबस्थापन स्वयम् सम्बन्धित सस्थाहरुलेनै गर्नुपर्ने नीतिलाई निरन्तरता दिइएको छ ।
१३. विद्यालय तहमा "विद्यालय खानेपानी,सरसफाई तथा स्वच्छता" कार्यक्रमलाई निरन्तरता दिइने छ।
१४. गुलरिया नगरपालिकाले मासु पसल तथा जनावर जन्य फोहोर व्यवस्थापनमा स्वच्छता, नवप्रवर्तन र व्यावसायिक सदुपयोग लाई प्राथमिकता दिई नगरलाई दुर्गन्धरहित, सुरक्षित र दिगो नगर बनाउने दिशामा ठोस नीति र कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ
१५. सार्बजनिक स्थल,मन्दिर, चोक/चौतारा,बस पार्क,हाटबजार जस्ता ठाउहरुमा नियमित सरसफाईका अभियानहरु संचालन गरिनेछ ।
१६. नगरपालिका क्षेत्र भित्र निर्माण गरिएका पक्की सडकमा पशु चौपायाहरु डोर्ने,अन्न बाली सुकाउने र सडक फोहर तथा अबरुद्द पार्ने क्रियाकलाबलाई पूर्णतःनिषेध गरिनेछ ।यसका लागि नगर प्रहरी परिचालित गरिने छ साथै अटेरी गर्नेलाई कानुन बमोजिम कारबाहीको दायरामा ल्याइने छ।
१७. फोहर ब्यबस्थापनमा संलग्न जनसक्तिको नियमित स्वास्थ्य परिक्षण गरिनेछ ।सरसफाई कर्मीको व्यक्तिगत सुरक्षालाई प्राथमिकता दिइनेछ र स्वास्थ्य बिमा गरिनेछ ।
१८. नगर क्षेत्रमा संचालनमा रहेका सार्बजनिक शौचालयको नियमित मर्मत सम्भार गरिनेछ ।ब्यबस्थापनमा प्रयोगकर्ताहरुलाई नै उत्तरदायी बनाउने नीति लिइने छ र आबस्यक ठाउमा थप सार्बजनिक शौचालयहरु निर्माण गरिनेछ ।
१९. ढल तथा नालीसरसफाई कार्यक्रम नियमित रुपमा संचालन गरिनेछ ।ढल तथा नालीमा दिशाजन्य लेदो मिसाउन पूर्णत बन्देज गरिएको छ।ढल तथा नालीमा दिशाजन्य लेदो मिसाएको पाइएमा कानुन बमोजिम कडा कारबाही गरिनेछ ।
२०. दिशाजन्य लेदो पदार्थ संकलनमा "गुल्फर" मसिनको समेत प्रयोग गरिनेछ ।जसले कम लागतमा दिशाजन्य लेदो पदार्थ ब्यबस्थापन गर्न सकिने बिस्वास लिएको छु ।

## सामाजिक बिकास

१. नगरपालिका क्षेत्रका सबै जाती,भाषा,धर्मको स्पष्ट बर्गीकृत तथ्याङ्क आउने गरी नगरपालिकाको प्रोफाइल तयारि गरिएकोमा web based सो प्रोफाइलको अध्याबधिक गरिनेछ ।
२. नगरपालिका भित्र निर्माण गरिने सम्पूर्ण सार्बजनिक भवनहरु अपांगमैत्री बनाइनेछन् ।
३. नगरपालिकाका सबै कार्यक्रमहरुमा "जेडसी" को अबधारणा कार्वान्वयन गरिनेछ ।

४. गुलरिया नगरपालिका बालबिबाह न्यूनीकरण रणनीति बमोजिम २०८३ को अन्त्य सम्ममा गुलरिया नगरपालिकालाई बालबिबाह मुक्त नगरपालिका घोषणा गरिनेछ ।
५. आगामी आर्थिक बर्षमा बालश्रम मुक्त वडा घोषणा गर्ने गरि कार्यक्रम संचालन गरिनेछ ।
६. सामाजिक बन्चितिकरणमा परेको समुहलाई लक्षित गरि सामाजिक बिकासका कार्यक्रमहरु संचालन गरिनेछ । यस्ता कार्यक्रमहरुका हकमा नेतृत्व बिकास, आर्थिक सशक्तिकरण र क्षमता बिकासका कार्यक्रमहरुलाई प्राथमिकता दिइने छ ।
७. आदिवासी जनजाती, पिछडावर्ग, महिला, मधेशी, दलित र मुस्लिम जस्ता पछाडी परेको वर्गलाई योजना छनौट देखि प्रतिफल वितरणसम्मका चरणहरुमा न्यायोचित तरीकाबाट सहभागी गराइनेछ।
८. मानब  बेचबिखन तथा ओसारपसार बिरुद्दको कार्यक्रमलाई अझ बढी प्रभाबकारी बनाइनेछ र यसकालागि सरोकारवाला सस्था संग समन्वय गरिनेछ ।
९. सहरि गरिबी न्यूनीकरणका लागि आर्थिक सशक्तिकरण र आर्थिक सशक्तिकरणका लागि समूह परिचालनको अबधारणालाई कार्यान्वयनमा ल्याइने छ। यसकालागी टोल बिकास सस्था, सहकारी सस्थाहरु, कृषक समुहहरु, महिला समुहहरु परिचालन गरिनेछ । समुह सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ र सबै सस्थाहरुको नियमन गरिनेछ ।
१०. जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ ।जेष्ठ नागरारिकहरुको अनुभाबलाई आत्मसाथ गर्न जेष्ठ नागरिक अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
११. समाजमा चलिरहेका हानिकारक सामाजिक अभ्यासहरु बिरुद्ध कार्यक्रम संचालन गरिनेछ।
१२. हिंसामा परेकाहरुलाई सहयोग कोषलाई मजबुद बनाइनेछ ।
१३. गुलरिया नगरपालिका भित्र संचालित सेवाकेन्द्रलाइ नगरस्तरीय सेवा केन्द्रको रुपमा बिकास गरिनेछ साथै हिँसामा परेका महिलाहरुको लागि आयमुलक कार्यक्रम संचालन गरिनेछ । गुलरिया नगरपालिकामा रहेको यस सेवा केन्द्रको प्रभाबकारी संचालन तथा ब्यबस्थापनकालागि बर्दिया जिल्लामा रहेका सम्पूर्ण स्थानीय तहहरुसंग समन्वय गरिनेछ । सेवाकेन्द्रको स्तरोन्नती गर्दै लगिनेछ ।
१४. "अनुशासन र स्वास्थ्यकालागि खेलकुद" लाई अभियानका रुपमा संचालन गर्दै नगरपालिकामा खेलकूदको प्रबर्धन गरिनेछ ।खेलकुदको बिकासका लागि नगरस्तरीय खेलकुद बिकास समितिलाई क्रियाशील बनाइनेछ साथै नगरपालिकामा दर्ता प्रक्रियामा आएका क्लबहरुलाई प्राथमिकतामा राखिने छ।
१५. अपाङ्गता भएका व्यक्तिहरुलाई सेवामा विशेष प्राथमिकता दिई सिफारिश लगायतका सेवा सुविधाहरु निःशुल्क उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइएको छ ।
१६. सडक बालबालिका,असाहय जेस्ठनागरिक हरुको उचित स्याहार तथा ब्यबस्थापन गर्नकालागी सरोकारवाला संघसस्थाहरुसंग समन्वय गरिनेछ ।

१७. सामाजिक सुरक्षाको कार्यक्रमलाई छिटो र भरपर्दो रुपमा संचालन गरिनेछ ।

## महिला, बालबालिका तथा जेष्ठ नागरिक

१. लैंगिक समानता तथा सामाजिक समावेशी प्रवर्द्धनका लागि महिला लगायत सम्पूर्ण लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तिकरण गरिनेछ । लैगिंक हिंसा विरुद्ध शून्य सहनशिलताको नीति अबलम्बन गरिनेछ ।

२. योजनाका सबै चरणहरुमा महिला तथा सिमान्तकृत समुदायको समानुपातिक सहभागिता सुनिश्चितता गरिनेछ । सबै वडा र विषयगत शाखाका योजनाहरुमा लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका सवालहरुलाइ उच्च प्राथमिकतामा राखेर बजेट विनियोजन गरिनेछ ।

३. लक्षित महिलाहरुको आर्थिक सशक्तिकरण र सीप विकास गर्दै व्यवसायन्मुख जीवनयापनका लागि सीप विकास तालिमका कार्यक्रमहरु सन्चालन गरिनेछ ।

४. एकल महिलाहरुका लागि महिला सशक्तिकरण सम्बन्धी विभिन्न कार्यक्रमहरु सन्चालन गरिनेछ ।

५. सुशासन र जवाफदेहिता कायम गर्न र सेवा प्रवाहमा महिला तथा बन्चितिकरणमा परेका समुदायको सहज पहुँच सुनिश्चित गर्नका लागि लैगिंक समानता,अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणलाइ सँस्थागत गरिनेछ ।

६. लैङ्गिक हिसामा परेका पीडित तथा प्रभाबितहरुको तत्काल उद्धार राहत तथा पुनर्स्थापनाका लागि लैङ्गिक हिसा निवारण कोष सन्चालनमा निरन्तरता दिइनेछ ।

७. समाजका अग्रज सम्मानित ज्येष्ठ नागरिकहरुलाइ सम्मान गर्दै ज्येष्ठ नागरिकमा रहेको अन्तरनिहित जीवनमूल्य,ज्ञान तथा अनुभवलाइ पुस्तान्तरण गर्न अन्तरपुस्ता संवाद कार्यक्रम सन्चालन गरिनेछ साथै ज्येष्ठ नागरिकहरु सँगको सहकार्यमा मागमा आधारित अन्य कार्यक्रमहरु पनि सन्चानल गरिनेछ ।

८. समाजमा हुने सबै किसिमका हिंसा शोषण भेदभाव तथा परम्परागत हानिकारक अभ्यासलाइ निरुत्साहित गरी समतामूलक समाज निर्माणका लागि विभिन्न लक्षित वर्ग तथा समुदायहरुसंग सचेतनामूलक कार्यक्रमहरु सन्चालनमा विशेष जोड दिइनेछ ।

९. बालविवाह मुक्त पालिका घोषणा लागि बालविवाह न्यूनीकरण सम्बन्धी विभिन्न सचेतनामूलक एवं अभियानमुखी कार्यक्रमहरु सन्चालनमा बिशेष जोड दिइनेछ र बालविवाह न्यूनीकरणको क्षेत्रमा काम गर्ने विभिन्न बिकास साझेदार संघ संस्थाहरु संग सहकार्य र समन्वय गर्दै कार्यक्रमहरु सन्चालन गर्ने नीति लिइनेछ ।

१०. अपाङ्गता रोकथाम तथा पुनर्स्थापनाका लागि प्रदेश तथा साझेदार संस्थाहरुको साझेदारीमा आधारित कार्यक्रम सन्चालन गरिनेछ ।
११. लैंगिंक तथा यौनिक अल्पसंख्यक समुदायका व्याक्तिहरुलाइ सम्मानित तथा मर्यादित जीवनयापनका लागि सामुदायिक सचेतना कार्यक्रमहरु सन्चालन गरिनेछ ।
१२. जोखिम र आपतकालीन अवस्थामा रहेका साथै विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको लागि आपतकालीन बालउद्धार राहत कोष सन्चालनको निरन्तरता दिइनेछ ।

## राजस्व तथा कर प्रणाली

१. आगामी आ.ब. २०८३/०८४ का लागी करको दररेट यथावत राखिएको छ ।
२. राजस्व परिचालनका नयाँ क्षेत्रहरुको खोजि गरिने र पहिचानमा आएका नयाँ क्षेत्रबाट राजस्व संकलनका लागि नीतिगत र कानूनी व्यवस्थाहरुमा थप सुधार ल्याइनेछ ।
३. सम्पत्ती करमा नगरभित्रका सवै करदातालाई समावेश गराउनका लागि करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
४. नगरपालिका भित्र संचालन भएका र करको दायरामा नआएका व्यवसायहरुलाई ब्यबसायको प्रकृतीको आधारमा वडा कार्यालय वा नगरकार्यपालिकाको कार्यलयमा दर्ता गरी करको दायरामा ल्याइनेछ । व्यवसाय नविकरण गर्नका लागि धुम्ती सेवा संचालनमा गरिनेछ ।
५. नगर क्षेत्र भित्र संचालन हुने ई- रिक्सालाई दर्ता प्रकृयामा ल्याउने, रुट निर्धारण गर्ने तथा भाडा दरमा सुधार गरि दुरीका आधारमा भाडा निर्धारण प्रक्रिया शुरु गरिनेछ ।
६. नेपाल सरकारले निर्देशित गरेको शुत्र प्रणाली पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
७. उपभोक्ताका हकहित तथा गुणस्तरीयताका लागि सरोकार वाला तथा अन्य निकायको समन्वयमा वजार अनुगमन गरिनेछ ।
८. तरकारी हाट बजार, वसपार्क, तथा पशु हाट वजारलाई थप व्यवस्थित वनाउनुका साथै अन्य आधारभूत सुविधाको सुनिश्चित गरिनेछ ।
९. कर तथा शुल्क प्रणालीलाई कम्प्युटर मार्फत विलिङ् गर्ने प्रणालीलाई निरन्तरता दिदै QR का माध्यमबाट कर तथा शुल्क तिर्न सकिने प्रणाली बिकसित गरिनेछ।
१०. नदिजन्य पदार्थको उत्खनन्, घाट गद्धी, तथा ओसार पसारलाई कानुन बमोजिम ब्यबस्थित गरिनेछ ।
११. पालिका भित्र रहेका भागहर लगायतका तालहरुको संरक्षण गरिने छ यसका लागि दिर्घकालिन योजना तयार गरिनेछ । विभिन्न तालहरुको अतिक्रमण रोकी पर्यटनबिकास तथा आयमुलक योजनाको रुपमा ती क्षेत्रमा कार्यक्रम संचालन गरिनेछ ।

## संगठन तथा जनसक्ति बिकास

१. गुलरिया नगरपालिकाकोलागि संगठन बिकास योजना तयार गरिनेछ ।

२. शाखागत रुपमा कार्य सम्पादन सम्झौता गरिने छ र सूचकका आधारमा उत्कृष्ट कर्मचारीलाई बार्षिक रुपमा पुरस्कृत गर्ने परिपाटी बिकसित गरिनेछ ।
३. दरबन्दी,क्षमता र दक्षताको आधारमा कर्मचारीहरुलाई उपयुक्त शाखामा कार्यबिबरण सहित जिम्मेवारी दिईने छ।
४. मौजुदा जनशक्तिको क्षमता बिकासकालागि क्षमता बिकास योजनाले निर्देशित गरेका बिषयमा तालिम तथा क्षमता बिकास कार्यक्रमहरु संचालन गरिनेछ ।
५. कार्य सम्पादनको आधारमा कर्मचारीहरुलाई उत्प्रेरित गर्न मासिक रुपमा एकजना कर्मचारीलाई पुरस्कृत/समानित गर्ने कार्यक्रम संचालनमा ल्याइनेछ ।
६. गुलरिया नगरपालिकामा कार्यरत करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्द गरिनेछ ।
७. कर्मचारीले हाल प्राप्त गरिरहेको सेवा सुविधालाई निरन्तरता दिदै अबकास भइ जाँदाकाबखत उपलब्ध गराउन चाहिने स्रोतका लागि कर्मचारी कल्याणकोषको स्थापना गरिएकोमा सो कोषलाई अझ बढी मजबुत बनाइनेछ ।
८. ऐन, नियमको परिधीभित्र रही कार्य सम्पादन मूल्याङ्कनको आधारमा कार्यरत कर्मचारीको बढुवा, स्तरबृद्धि, प्रोत्साहन पुरस्कार प्रदान गर्ने जस्ता कार्यलाई निरन्तरता दिइनेछ ।
९. मौजुदा जनशक्तिलाई समयानुकुल सक्षम बनाउन आन्तरीक एवं बाह्य सहयोगका आधारमा तालिम दिइनेछ ।
१०. गुलरिया नगरपालिकाको संगठन बिकास योजनाले प्रस्तावित गरेका क्षेत्रहरु कार्यान्वन गरिनेछ ।

## सुशासन तथा पारदर्शिता

१. गुलरिया नगरपालिका तथा मातहतका सम्पूर्ण कार्यालयहरुमा इ-हाजिरी अनिबार्य गरिने छ साथै डिजिटल नागरिक बडापत्र जडान गरिनेछ ।
२. नगरपालिकामा सुशासन समितिलाई क्रियाशील बनाइनेछ।
३. नगरपालिकाको सेवाप्रवाहलाई सरल, सहज,जवाफदेही, जनमुखी, सेवाग्राहीमैत्री वनाउन कार्यालयको भौतिक पूर्वाधार र सेवाप्रवाह प्रणालीलाई थपव्यवस्थित गरिनेछ। सेवाग्राहीको सुविधाको लागि Help Desk कार्यान्वयनमा ल्याईनेछ।
४. सार्बजनिक सुनुवाई, सुझाबपेटिका ब्यबस्थापन, सार्बजनिक लेखा परिक्षण,सार्बजनिक परिक्षण जस्ता सुशासन एवम् पारदर्शिताका औजारहरु कार्यान्वयनमा ल्याइने छन् ।
५. **e–governance** प्रणाली अनुरुप नगरपालिकाका कामकारवाहीहरुलाई प्रविधिमैत्री बनाउदै क्रमशःफेसलेश, पेपरलेश कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
६. नगरपालिको मासिक आम्दानी तथा खर्च सार्वजनिक सूचना पाटी तथा छापा सञ्चार माध्यमबाट प्रसारण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७. नगरपालिकाबाट प्रवाहहुने सेवालाई थपव्यवस्थित गर्न प्रत्येक पदको कार्यबिबरण सहित प्रमुख प्रशासकीय अधिकृतले नगरप्रमुखसंग, शाखा प्रमुख र वडा सचिवहरुले प्रमुख प्रशासकीय अधिकृतसंग, विद्यालयका प्र.अ. हरुले शिक्षा शाखा प्रमुखसंग र शिक्षकहरुले प्र.अ. संग उपलव्धी सूचक सहित कार्यसम्पादन सम्झौता गरिनेछ।

८. **First come first service** को नीति अबलम्बन गरिनेछ र मुस्कान सहितको सेवा उपलब्ध गराइनेछ।

९. कार्यालयको सवै सूचना(डाटा) लाई छुट्टै सर्भर मार्फत एकिकृत गरिनछ। कार्यालय समयमा सोसियल मिडिया प्रयोग सम्वन्धमा नियमनकारी नीति लागु गरिनेछ ।

१०. सूचनाको प्रकृति हेरी तत्काल सूचना उपलब्ध गराइने परिपाटीको विकास गरिनेछ

११. कार्यालयको जिन्सी व्यवस्थापनलाई थप व्यवस्थित गरी सम्पूर्ण जिन्सीसामानहरु PAMS मार्फत एकिकृत गरिनेछ। बार्षिक रुपमा आवश्यक जिन्सी सामाग्रीहरु एकमुष्ट खरिद गरी पारदर्शी व्यवस्थापन गरिनेछ। जसले गर्दा कार्यालयको जिन्सी व्यवस्थापन र खर्चको मितव्ययीता हुनेकुरामा विश्वास लिएकोछु।

१२. रु. ५ लाख भन्दा माथिका योजनामा सार्वजनिक सूचनापाटीको अनिबार्य व्यवस्था गरिनेछ।

१३. सबै खाले योजनाहरुमा अनुगमन गर्ने परिपाटीलाई कडाइकासाथ लागु गरिनेछ ।भौतिक पुर्बाधारका आयोजनाको रकम भुक्तानीमा ल्याब टेस्ट र निर्माण कार्यको फोटो अनिबार्य गरिनेछ ।

१४. प्राप्त गुनासोको तत्काल सम्बोधन गर्न सक्ने गरि संयन्त्रको बिकास गरिनेछ।

१५. योजना संचालन पूर्व उपभोक्ता समिति र निर्माण कम्पनीलाई आयोजना संचालन सम्बन्धि तालिम अनिबार्य गरिनेछ ।

## संचार तथा सूचना प्रबिधि

१. नागरिक मैत्री डिजिटल सेवा उपलब्ध गरिनेछ, यसका लागि मोबाइल एप तथा वेबसाइट मार्फत सेवा पहुच गरिनेछ ।

२. बजेट, योजना, खरिद पर्क्रिया, निर्णय तथा प्रगति प्रतिबेदन वेबसाइट मार्फत सार्बजनिक गर्ने गरिएकोमा यसलाई निरन्तरता दिइनेछ ।

३. नगरपालिकाका सबै वडा कार्यालयमा उच्च गतिको इन्टरनेट बिस्तार गरी नेटवर्क, सर्भर तथा कम्प्युटर प्रणालीको स्तरोन्नति गरि "स्मार्ट कार्यालय" (Smart Office) अबधारणा लागु गरिनेछ ।

४. GIS आधारित सम्पत्ति तथा भू-व्यबस्थापन प्रणाली लागु गरिनेछ ।

५. विद्यालय, कलेज, निजी क्षेत्र तथा आइटी कम्पनीहरु संग सहकार्य गरि स्थानीय युवालाई नवप्रवर्तन (Innovation) र स्टार्टअप प्रवर्द्धनमा प्रोत्साहन गरिनेछ ।
६. "डिजिटल गुलरिया सु-शासित गुलरिया" को अवधारणा अनुसार ५ वर्ष भित्र अधिकांश नगरसेवाहरु पूर्ण रुपमा अनलाइन प्रणालीमा ल्याइनेछ ।
७. नगरपालिकाका विकास गतिविधि, सेवा प्रवाह र सामाजिक परिचालन लगायत नगरपालिका बाट सम्पादनहुने कार्यहरुलाई निरन्तर रुपमा कार्यालयको आधिकारीक सामाजिक सञ्जाल पेजमार्फत प्रकाशनको कार्यलाई थप व्यवस्थित गरिनेछ । नगरपालिकाको गतिविधि र कामकारवाहीका सम्वन्धमा स्थानीय संचारकर्मीहरु संग नियमित अन्तरक्रिया गरिनेछ ।
८. सूचना प्रविधि (IT) शाखालाई थप सुदृढ बनाई प्रत्येक शाखामा डिजिटल प्रणाली संचालन गर्न उपलब्ध जनशक्तिलाई आवश्यक आइटी (IT) तालिम उपलब्ध गरिनेछ।
९. स्थानीय संचारकर्मीहरुको लागि एआई (AI) तालिम उपलब्ध गरिनेछ ।

**विपद् ब्यबस्थापन**

१. नगरस्तरीय विपद् ब्यबस्थापन समिति, वडा स्तरीय विपद् ब्यबस्थापन समिति र समुदाय स्तरीय विपद् ब्यबस्थापन समितिहरुलाई थप क्रियाशील बनाइनेछ ।
२. स्थानीय विपद् ब्यबस्थापन योजना तथा हिट एक्सन प्लानले निर्दिस्ट गरेका क्षेत्रमा कार्यक्रम संचालन गरिनेछ ।
३. विद्यालय तहमा विपद् ब्यबस्थापन सम्बन्धी कार्ययोजनालाई विद्यालय सुधार योजनामा अनिबार्य समाबेश गरिनेछ।
४. विपद् ब्यबस्थापन कोषलाई थप मजबुद बनाइनेछ ।
५. विपद्का समय कृषी तथा पशु सम्बन्धी सूचना प्रकासन तथा प्रशारण संयन्त्र निर्माण गरि ती सूचनाहरु नियमित प्रशारण गर्ने परिपाटीको बिकास गरिनेछ ।
६. विपद् प्रतिकार्यकालागि स्थानीय स्वयम् सेवकहरुको क्षमता बिकास कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ यसकालागि सरोकारवाला समुदाय तथा गैसससंग समन्वय गरिनेछ।
७. विपद् ब्यबस्थापन सम्बन्धी समुदायस्तरसम्मका समितिहरुको क्षमता बिकास गरिनेछ ।
८. विपद् ब्यबस्थापन सम्बन्धी उद्दार सामाग्रीहरुको ब्यबस्था सहित उचित भण्डारण गरिनेछ । यसका लागि गैसस हरुसंग समन्वय गरिनेछ ।
९. नेपाल रेडक्रस सोसाइटी संगको समन्वयमा पूर्व मनसुन कार्यशालालाई ब्यापक बनाई स्वयमसेवकहरुलाई प्रकोप प्रतिकार्य सम्बन्धी तालिम उपलब्ध गराइनेछ ।
१०. नगरपालिकाको स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना सरोकारवला निकायहरुको समन्वय एंवम सहकार्यमा अधाबधिक गर्दै कार्यान्वयन गरिनेछ ।

११. स्थानिय आपतकालिन कार्यसंचालन केन्द्रलाई २४सै घन्टा सन्चालन गरिनेछ । दमकल इकाईका सम्पूर्ण जनशक्तिहरुको सीप बिकासमा ध्यान दिइनेछ । सुरक्षा संग सम्बन्धित सामाग्रीहरुको ब्यबस्थापन गरिनेछ ।
१२. सरोकारवालाहरुको समन्वयमा बाढी, भुकम्प, आगलागि जस्ता प्रकोप लक्षित कृत्रिम घटना अभ्यास आगामी आर्थिक बर्षमा निरन्तर सन्चालन गरिनेछ ।
१३. बाढी पूर्व सूचना प्रणालीलाई प्रभावकारी बनाउन सामुदायिक सचेतिकरणका कार्यक्रमहरु संचालन गरिनेछ । पूर्व सूचना दिने साइरनहरुको नियमित मर्मत सम्भार गरिनेछ र आवश्यकताको आधारमा थप जडान गरिनेछ ।
१४. दमकल सेवा चौबिसै घण्टा उपलब्ध हुनेछ । विपद् ब्यबस्थापनमा संलग्न जनशक्तिको क्षमता बिकास कार्यक्रमहरु संचालन गरिनेछन् ।
१५. आश्रय स्थलको नियमित मर्मत सम्भार गरिनेछ । आश्रय स्थललाई लैंगिक संबेदनशिल बनाइनेछ र न्युनतम खानेपानी तथा सरसफाईका सुबिधाहरुको सुनिश्चित गरिनेछ ।
१६. आश्रयस्थल सम्म पुग्ने र प्रकोप संबेदनशिल क्षेत्रका सडकहरु नियमित मर्मत संहार गरि बार्हैं महिना चालु अबस्थामा राखिनेछ ।
१७. बाढी बिमा कार्यक्रम संचालन रहेकोमा यसलाई निरन्तरता दिइनेछ । यसका लागि सरोकारवाला हरुसंग समन्वय गरिनेछ ।
१८. प्रकोप चक्रमा पुनःस्थापनाका कार्यक्रमहरु प्राथमिकताकासाथ संचालन गरिनेछन् ।
१९. जोखिम सँम्वेदनशिल भू-उपयोग नीति/योजना निर्माण प्रक्रिया अगाडी बढाइनेछ ।
२०. भौतिक पूर्वाधार बिकासका कार्यक्रम छनोट तथा कार्यान्वयनमा विपद् र यसको प्रभाब केन्द्रमा राखेर गरिनेछ ।
२१. नदिनाला, झरनरपिच बाटोको दुवै तर्फ बृहत वृक्षारोपण अभियान संचालन गरिनेछ जसका लागि समुदाय परिचालन गरिनेछ।
२२. बाढी, तातो हावा, शीतलहर.आगलागी, डुवान आदि सबै संग सम्बन्धित प्रतिकार्य योजनाहरु तयार गरिने छन् यसका लागि गैसस संग समन्वय गरिनेछ ।
२३. शितलहर तथा 'लु' को प्रकोप संग लड्न प्रतिकार्य योजना सहित कार्यक्रमहरु संचालन गरिनेछ ।
२४. विपद् प्रतिकार्यका लागि क्षेत्रगत समन्वयलाई जोड दिइनेछ ।

## सहकारी

१. सहकारी संस्थाको नियमन, निरिक्षण गरी सहकारीको मुल्य,मान्यता, सिद्दान्तका आधारमा संचालन गर्न सहकारी संस्थालाई अभिप्रेरित एवम् प्रोत्साहन र गरिनेछ ।

२. **"एकलाई सवै, सवैलाई एक"** को नीति अवलम्वन गरि सहकारीको माध्यमबाट गरिवी निवारण, रोजगारीको सिर्जना, एक सहकारी एक उत्पादन, सहकारी संस्थामा पुँजी निर्माण समतामुलक समृद्द अर्थव्यवस्था सिर्जनागर्न सहकारी संस्थालाई अभिमुखीकरण र जनचेतनामुलक कार्य गर्न पहल गरिनेछ।
३. सहकारी संस्थाका शेयर सदस्यका काम, कर्तव्य, अधिकार र पुँजी चलायमान गराउने, पुँजी तरलता ऋण जोखिम न्यूनिकरणका विषयमा जनचेतनामुलक कार्य गरिनेछ ।
४. सहकारी संस्थाका संचालक समिति, लेखा सुपरिवेक्षण समिति,ऋण उपसमिति,अन्य समितिलाई वढी जवाफदेही बनाउने बातावरण सिर्जना गरिने छ र सहकारी संस्थाको अनुगमनमा वढी जोड दिईनेछ ।
५. समस्याग्रस्त, संकटग्रस्त भएका सहकारी संस्थालाई पुर्नउत्थान गर्न आवश्यक पहल गरिने सवै सहकारी संस्थालाई कर्जा सूचना केन्द्र आवद्धगराउने वातावरण मिलाईनेछ।
६. आ.ब.२०८३/२०८४ मा कम्तिमा ९० प्रतिशत सहकारी संस्थालाई एकिकृत विद्युतीय सहकारी तथा गरिवी सम्वन्धी व्यवस्थापन सूचना प्रणालीमा आवद्द गराईनेछ ।
७. सहकारी संस्था निस्कृय हुनका कारण खोजी गरी सो संस्थालाई चलायमान बनाउने बातावरण सिर्जना गर्न र सोको समस्या समाधान गर्न खोजिनेछ ।
८. सहकारी संस्थाका शेयर सदस्यलाई कुटिर उद्योग संचालन गर्न प्रोत्साहन गरी रोजगारी सिर्जना गर्ने बातावरण मिलाईनेछ ।
९. कृषकहरुलाई अनुदानित रासायनीक मल खाद्य व्यवस्थित गर्न मल खाद्य विक्रि वितरण गर्ने सहकारी तथा डिपोहरु सेवा विस्तारका साथै वर्ष भरिनै सो अनुदानित विक्रि विरतरण गर्ने सहकारीको अनुगमन गरिनेछ ।

## सुरक्षित आप्रवासन

१. आप्रवासी कामदार तथा तिनका परिवारको अधिकारको सुनिश्चित गर्ने निति ल्याईनेछ ।
२. रोजगार, आन्तरिक रोजगार साथै बैदेशिक रोजगारसंग सम्बन्धी विषयलाई व्यवस्थित गर्न आवश्यक सेवालाई एकिकृत गरि प्रवाह गरिनेछ ।
३. फर्केका आप्रवासी श्रमिकहरुलाई संगठीत गराई उनिहरुमा भएका व्यावसायिक सिप र अनुभवलाई उपयोगा गर्ने स्थानिय स्तरका श्रमिक तथा तिनका परिवार सम्लग्न सामाजिक संस्था सहकारी विस्तार गरी पुजी निर्माण उद्धमशिल विस्तार प्रबर्धन गर्ने निति ल्याईनेछ ।

४. बैदेशिक रोजगारबाट फर्कैका आप्रवासी कामदारका परिवारलाई उद्दमशिलता सहुलिएत ऋण प्राविधिक सहयोग लगायतका सेवाहरुलाई निरन्तरता दिनुका साथै सम्बन्धीत कार्यक्रम तथा निकायहरुसंग समन्वयात्मक तवरबाट कार्य गर्ने निति लिईनेछ ।
५. समुदाय स्तरमा बैदेशिक रोजगार सम्बन्धी सचेतनामुलक कार्यक्रम गरिनेछ ।
६. रोजगार सेवा केन्द्रको समन्वयमा बैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
७. वित्तिय कक्षा संचालन तथा मनोसामाजिक परामर्श सेवालाई निरन्तरता दिईनेछ ।

सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणहरु पारगर्दै सहभागितात्मक तवरबाट निर्माण गरिएका माथिका नीति तथा कार्यक्रमहरुको प्रभावकारी र व्यबस्थित कार्यान्वयनमा सम्पूर्ण नगरबासी तथा बिकास साझेदारहरुको सहकार्य, रचनात्मक सहयोग तथा साझेदारी अपरिहार्य छ। म गुलरिया नगरपालिका बर्दियाको यस सोहौं नगरसभा मार्फत सम्पूर्ण नगरबासी, सरकारी निकायहरु, निजी क्षेत्र, बिकास साझेदारहरु, राष्ट्रिय एवम् अन्तराष्ट्रिय गैर सरकारी सस्थाहरु एवम् अन्य सरोकारवाला निकाय/पक्ष हरुसंग सक्रिय सहभागिता एवम् सहयोगकालागि हार्दिक अनुरोध गर्न चाहान्छु।आजको यस सभामा प्रस्तुत गुलरिया नगरपालिकाको आगामी बर्षको नीति तथा कार्यक्रमले यस नगरपालिकाको **"बिकास,सम्वृद्धि र संरक्षण; हाम्रो प्रतिबद्दता, हाम्रो अभियान"** को दुरगामी लक्षलाई प्राप्त गर्नमा महत्वपुर्ण योगदान पुर्याउने छ भन्ने कुरामा म बिस्वस्तछु ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा कार्यमा योगदान पुर्याउनु हुने नगर उपप्रमुख,बिषयगत समितिहरु,वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु तथा नगर सभा सदस्यहरुलाई हार्दिक धन्यबाद ब्यक्त गर्दछु । यो नीति तथा कार्यक्रमका लागि सुझाब प्रदान गर्नुहुने सम्पूर्ण राजनीतिक दल, बिषयगत शाखाहरु, नागरिक समाज, पत्रकार, संघसस्थाहरु, सहकारी अभियान्ताहरु लगायत सम्पूर्ण नगरबासी आदरणीय दाजुभाई/दिदी बहिनीहरु एबम् आमाबुवाहरु प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमको मस्यौदा तयारीमा सहयोग गर्नुहुने प्रमुख प्रसासकिय अधिकृत लगायत सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु प्रति धन्यबाद ब्यक्त गर्दछु ।

**मुक्तिनाथ यादव**
**नगर प्रमुख**
**२०८३।०३।१०**